# किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ पौष २६ गतेको बैठकको निर्णय ।

१. गाउँपालिका गाउँकार्यापालिकाबाट भएको निर्णयहरु, विषयगत शाखा र वडा कार्यालयहरुबाट भएको निर्णय तथा दैनिक सेवा प्रवाहमा भएको मंशिर माहिनामा भएको कार्य प्रगति माथी छलफल गरी समिक्षा ।

२. गत महिना मिति २०८१/०७/२६ गतेको बैठकबाट निर्णयको समिक्षा ।

३. गाउँपालिकाको गत आ.ब. २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA) मा प्राप्त अंक ८६.२५ र** स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(FRA)** मा प्राप्त अंक ८४.५ अंकलाई अनुमोदन गरी नतिजा सार्वजनिक गर्ने ।

४. गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद मिति २०८१ पौष मसान्त सम्म रहेकोमा कार्यसम्पादन मूल्यांकन सन्तोषजनक देखिएका कर्मचारीहरलाई सेवा निरन्तरता गरी मिति २०८२ आषाढ मसान्त सम्मको लागि म्याद थप गर्न कार्यालयलाई निर्देशन दिने ।

५. गाउँपालिकामा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार नियुक्ति भई कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम जनस्वास्थ्य निरिक्षक (अधिकृत छैठौं) तहमा समायोजन भएको (क.स.न. १८१४२३) को श्री चक्र बहादुर शाहीले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार सातौं तहमा स्तरबृद्धिको लागि आवश्यक योग्यता सहित दिएको निबेदन सम्बन्धमा बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७९/०८० च.न. २०४५ को स्पष्ट गरिएको बारेको साविक ऐन अनुसार स्तरबृद्धि हुन भएको परिपत्रका आधारमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१)(३)(ग)अनुसार मिति २०८१ माघ १ गते देखी लागू हुने गरी **जनस्वास्थ्य निरिक्षक छैठौं** तहबाट **जनस्वास्थ्य निरिक्षक सातौं** तहमा स्तरबृद्धि गर्ने ।

६. बागमती प्रदेश स्थानीय सेवा अन्तर्गत यस गाउँपालिकामा लेखापाल(सहायक पाँचौं) पदमा कार्यरत (क.स.न.२३६४२६) श्री सुमन देवकोटाले स्थानीय सेवा(गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० को उपदफा(१)बमोजिम सहायक लेखा अधिकृत(छैठौं तह) मा तहबृद्धिको लागि आवश्यक योग्यता सहित दिएको निबेदन सम्बन्धमा बागमती प्रदेश सरकार, स्थानीय सेवा(गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० को उपदफा(१)बमोजिमको योग्यता पुगेको देखिएकोले सोही ऐनको दफा ३० को उपदफा (२) अनुसार २०८१ माघ १ गते देखी लागू हुने गरी **लेखापाल (सहायक स्तर पाँचौं)** तहबाट **सहायक लेखा अधिकृत(छैठौं तह)**मा तहबृद्धि गर्ने ।